लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही

☎ कार्यालय : ०८२-५४०८१०
☎ कार्यालय प्रमुख : ९८५७८४१५१४
☎ सूचना अधिकारी : ९८४७०४२५६१

✉ dfodeukhuri@gmail.com

नेपाल सम्वत्:-११४४

प.सं.:- २०८१/०८२ (वन व्यवस्थापन शाखा)

मिति: २०८१/०४/०१

**श्री दाङ जिल्ला अदालतबाट बिभिन्न मितिमा फैसला भई लिलाम बिक्रिका लागि स्वीकृत प्राप्त भएका वन सम्बन्धि (कसुर) वन मुद्दाका वन पैदावार(काठ/दाउरा) हरुको सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।**

यस डिभिजन वन कार्यालय/अन्तरगत वन मुद्दा(कसुर) का वन पादावरहरु राप्ती, गढवा, गंगदी र वेला सव-डिभिजन वन कार्यालयहरुको कम्पाउण्डमा घाटगद्दी गरिराखेको तपसिल बमोजिमका जात, परिमाणका गोलिया/चिरान काठ र दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले काठको कारोवार गर्ने उद्देश्यले मु.अ.कर/स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएका, वन नियमावली- २०७९ को नियम १२८ बमोजिम सुचिकृत फर्म वा संस्थाहरु लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति २०८१/४/०१ गते देखि २१(एक्काईस) दिन भित्र कार्यालय समयमा बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे भित्र दाखिला गर्ने गरि न्यूनतम मूल्यबाट बढाबढ गरी बोलपत्रको लागी आहान गरिएको छ ।

वन पैदावर(काठ/दाउरा)को विवरण

| लट नं. | मुद्दा नं./पत्र संख्या | जात | किसिम | ग्रेड | थान | परिमाण क्यु.फिट. | न्यूनतम मुल्य | संकलन खर्च | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| १ ०८१-८२ | ०७७-८२-००३४ | साल | चिरान | A | २६ | ६३.७३ | ७९६६२.५ | ५१३३.९३ | गढवा |
| २ ०८१-८२ | ०८०-८२-००२४ | साल | चिरान | A | ५ | ३२.९७ | ४१२१२.५० | २६५६.०६ | गढवा |
| | | साल | गोलिया | A | २ | ५४.४६ | ६८०७९.१३ | ५९१४.७१ | |
| | | | | C | ६ | ५०. | २१११७.९९ | ५४२९.६४ | |
| | | | | D | २ | ३.२७ | ९७९.६८ | ३५४.६४ | |
| | | | | | १५ | १४०.७ | १४०२६९.३० | १४३५५.०६ | |
| ३ ०८१-८२ | ०८०-८२-००१८ | खयर | गोलिया | A | २४२ | ४२८.९ | ४२८९००.४५ | ४६५७८.५९ | वेला |
| ४ ०८१-८२ | ०८०-८२-००२५ | साल | गोलिया | A | २२ | ३९९.०३ | ४९८७८७.५० | ४३३३४.६६ | गंगदी |
| | | | | B | ३० | ३५०.१४ | ३१५१२६.०० | ३८०२५.२० | |
| | | | | C | २२ | ९५.५५ | ५७३३०.०० | १०३७६.७३ | |
| | | | | | ७४ | ८४४.७२ | ८७१२४३.५० | १३८३१५.१८ | |
| ५ ०८१-८२ | ०७६-८२-००१९ | साल | गोलिया | A | १ | १०.९ | १३६२९.५६ | ११८४.१४ | राप्ती सा.व.भालुवाङ |
| | | | | B | ५ | ४१.६३ | ३७४६५.७० | ४५२०.८६ | |
| | | | | C | २६ | ११५.९४ | ६९५६१.९९ | १२५९०.७२ | |
| | | | | D | ३ | ६.१८ | १८५३.३९ | ६७०.९३ | |
| | | | | | ३५ | १७४.६५ | १२२५१०.६३ | १८९६६.६४ | |
| ६ ०८१-८२ | ०७६-८२-००११ | साल | चिरान | A | १४ | १४३.४९ | १७९३५७.५० | ११५५९.२३ | गढवा |

❖ बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति: २०८१/०४/२९ गते ।

(ख) समय: कार्यालय समय भित्र ।

(ग) स्थान: डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमही वा वन निर्देशनालय, बुटवल,रुपन्देही

२०८१/०४/०१
राजु क्षेत्री
सिनियर डिभिजनल वन अधिकृत

कार्यालय : ०८२-४४०८१०
कार्यालय प्रमुख : ९८४३८४१४१४
सूचना अधिकारी : ९८४३०४२४६१

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही
✉ dfodeukhuri@gmail.com

नेपाल सम्वत्:-११४४

प.सं.:- २०८१/०८२ (वन व्यवस्थापन शाखा)

❖ बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मितिः २०८१/०४/३० गते ।

(ख) समयः दिनको १:०० बजे सम्म ।

(ग) स्थानः डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमही ।

<u>शर्तहरु</u>

(१) बोलपत्र फारामको लागि लट नं. १ को लागि रु.३००।- र बाँकी लटहरुलाई १०००/प्रति लट का दरले (पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीको कार्यालय कोड नं. ३२९०१५६०२५, नेपाल बैंक लिमिटेड, दाङको बैंक खाता नं.२७४०२००००१००१००००१ ख-१.१ राजश्व खातामा, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरी खरिद गर्न सकिने छ ।

(२) बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना अवधी सम्मको लागि हुनुपर्ने छ ।

(३) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनी दाङको नेपाल बैंक लिमिटेड, दाङमा रहेको खाता नं. २९३०२००००२००३००००१ (लुम्बिनी प्रदेश ख -२.३ प्र. ले. नि. का. धरौटी) खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ । धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन । यसरी नगद रकमको धरौटी पेश भएमा बोलपत्र स्वतः अमान्य हुनेछ ।

(४) वन पैदावार कार्यालय खुलेको समय भित्र सम्बन्धित क्षेत्रमा गएर हेर्न सकिने छ ।

(५) ठेक्का बन्दोवस्त/सिलबन्दी बोलपत्र बढाबढमा तथा डाँक बढावढ लिलाम प्रक्रियामा भाग लिन ईच्छुक कम्पनी वा फर्मले फर्म दर्ता गराइएको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी र आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

(६) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०४/३० गते दिनको २:०० बजे डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीमा खोलिने छ ।

(७) सिलबन्दी बोलपत्र सम्बन्धी कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, अग्रिम आयकर र नियमानुसार लाग्ने राजश्व कर जम्मा गरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेखुपर्छ ।अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

(१०) बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

(११) माथि उल्लेख गरेका शर्तहरु वाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन । तर एउटा फर्मले एकमुष्ट धरौटी राखी कुनै एक लटमा सक्कल र अन्य लटमा फोटोकपी राखेको भए उक्त बोलपत्रमा लेख मिल्ने छ ।

(१२) उल्लेख हुन छुट भएका बुँदाको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

2-
२०८१/०४/०५
राजु क्षेत्री
सिनियर डिभिजनल वन अधिकृत